प्रतिलिपि

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट प्राप्त "कृषिक्षेत्रमा अनुदान परिचालन कार्यविधि, २०७६" लाई देहाय बमोजिम परिमार्जन गर्ने गरी प्रदेश सरकार, प्रशासन तथा विधेयक समितिबाट स्वीकृति भयो ।

१. दफा २ को;

(१) खण्ड (क) मा रहेका "नगद वा सहुलियतमा दिइने कृषि सामग्री र उपकरण समेत सम्झनु पर्छ। नगद भन्नाले व्याजमा दिइने अनुदान समेत जनाउछ" भन्ने शब्दहरुको सट्टा "नगद (व्याजमा दिइने अनुदान समेत) वा सहुलियतमा दिइने कृषि सामग्री र उपकरण सम्झनु पर्छ " भन्ने शब्दहरु राखे ।

(२) दफा २ को विभिन्न खण्डमा रहेको "पर्दछ" भन्ने शब्दको सट्टा "पर्छ"भन्ने शब्द राखे।

(३) खण्ड (ङ) मा रहेका "समेत जनाउछ " भन्ने शब्दहरुको सट्टा "सम्झनु पर्छ " भन्ने शब्दहरु राखे ।

(४) खण्ड (च) मा रहेको "समेतलाई जनाउँछ" भन्ने शब्दहरुको सट्टा "सम्झनु पर्छ " भन्ने शब्दहरु राखे ।

(५) खण्ड (छ) मा रहेको "दफा १७" भन्ने शब्दहरुको सट्टा "दफा १२" भन्ने शब्दहरु राखे।

२. दफा ३ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखे:

"(३) उपदफा (२) मा उल्लेखित क्षेत्रमा दिइने अनुदानको विवरण तथा खर्च गर्ने नर्म्सको सीमा अनुसूची -१ बमोजिम हुनेछ ।" भन्ने शब्दहरु राखे ।

३. दफा ५ को उपदफा (३) मा रहेका आ.व. २०७६।७७ मा र तत्पश्चात गरिने कृषि कार्यक्रमहरुमा सरकारी खर्च र अनुदानको सिमा अनुसूची १ मा दिइएको छ । तत्पश्चात स्वीकृत वार्षिक कार्यक्रम र बजेटमा निर्धारण भए बमोजिम हुनेछ" भन्ने शब्दहरुको सट्टा "आर्थिक वर्ष २०७६।७७ गरिने कृषि कार्यक्रमहरुमा सरकारी खर्च र अनुदानको सीमा अनुसूची १ बमोजिम हुनेछ । उक्त आर्थिक वर्ष पछि हुने त्यस्तो कार्यक्रमहरु वार्षिक स्वीकृत कार्यक्रम र बजेटमा निर्धारण भए बमोजिम हुनेछ " भन्ने शब्दहरु राखे ।

४. उपदफा ४ मा रहेका "बमोजिमको कार्यक्रम वा आयोजना कार्यान्वयन दस्तावेज" भन्ने शब्दहरु हटाउने ।

५. दफा ६ को;

प्रतिलिपि

(क) उपदफा (१) मा रेहको "पश्चात" भन्ने शब्दको सट्टा "पछि" भन्ने शब्द राख्ने ।

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने:

"(२) कार्यालयले सम्झौता अनुसारको अनुदानग्राहीतर्फको रकमको सुनिश्चितता गराउन सम्झौता हुने वा यो दफा लागू हुनु अघि सम्झौता भई कार्यान्वयन भइरहेका योजनाको समेत सम्बन्धित पक्षबाट लगानी गर्नु पर्ने रकम बराबरको जमानत (धरौटि वा ऋण स्वीकृत भएको बैंकको प्रतिबद्धतापत्र वा बैक ग्यारेन्टी)कार्यालयमा पेश गर्नु पर्नेछ।

तर कार्यालयले अनुदानग्राही तर्फको रकम सुनिश्चितता हुन्छ भन्ने ठानेमा जमानत आवश्यक पर्ने छैन ।

(ग) उपदफा (२) पछि रहेको उपदफा (३) लाई (५) बनाउने र देहायको उपदफा (३) र (४) थप्ने:

" (३) अनुदानग्राहीले आफ्नो हिस्साको कार्य सम्पन्न गरे पछि मात्र कार्यालयले अनुदान तर्फको रकम भुक्तानी दिनेछ।

(४) कार्यालयले आवश्यक देखेमा अनुदानग्राहीको माग बमोजिम पेश्कि दिन सक्नेछ । पेश्की दिदा प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।"

६. दफा ७ को;

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राख्ने:

"(१) अनुदानग्राहीको बैङ्क खातामा जम्मा हुने गरी नगद अनुदान रकम उपलब्ध गराइनेछ।"

(ख) उपदफा (४) मा रहेको "गरेपश्चात" भन्ने शब्दको सट्टा "गरेपछि" भन्ने शब्द राख्ने ।

(ग) उपदफा (६) मा रहेको "गरेपश्चात" भन्ने शब्दको सट्टा "गरेपछि" भन्ने शब्द राख्ने ।

७. दफा ८ को;

(१) "यस कार्यविधिको दफा (३) को उपदफा (२) को (ग) र (घ)" भन्ने शब्दहरुको सट्टा "दफा ३ को उपदफा (२) को खण्ड (ग) र (घ)" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (२) मा रहेका "उपदफा (२) को (क) र (ख) क्षेत्र" भन्ने शब्दहरुको सट्टा 'दफा ३ को उपदफा (२) को खण्ड (क) र (ख) क्षेत्र" भन्ने शब्दहरु राखिएका छन् ।

प्रतिलिपि

(३) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखे:

"(३) बीमाको प्राबधान नभएको कृषि व्यवसायमा बीमा गर्न अनिवार्य छैन ।

तर त्यस्तो व्यवसायमा क्षति पुग्न गएमा सो को जिम्मेवार अनुदानग्राही स्वयम् हुनु पर्नेछ ।"

८. दफा १० को सट्टा देहायको दफा १० राखे:

"१०. असुल उपर र कारवाही: (१) यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकम हिनामिना भएको प्रमाणित भएमा कार्यालयले सम्बन्धित पक्षबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गर्नेछ । विपत वा अन्य कुनै प्रकारको काबु बाहिरको परिस्थितिबाट क्षति भएको अवस्थामा भने उक्त क्षतिको प्रमाणित विवरण (मुचुल्का, स्थानीय तहको शिफारिस र प्रहरी प्रतिवेदन) सहित पन्ध्र दिनभित्र अनुदान प्राप्त गरेको निकायमा लिखित सूचना दिनु पर्नेछ ।

(२) यस कार्यविधि बमोजिम भएको सम्झौता अनुसार काम नगर्ने तथा अनुदानित समाग्री वा रकमको हिनामिना वा दुरुपयोग गर्ने अनुदानग्राहीलाई मन्त्रालय वा अन्तर्गतका निकायबाट भविष्यमा कुनै पनि अनुदान दिइने छैन। "

९. दफा १२ को उपदफा (४) मा रहेको प्रतिबन्धात्मक वाक्यंशको सट्टा देहायको प्रतिवन्धात्मक वाक्यंश राखे:

"तर गणपुरक संख्याको अभावमा दुई पटकसम्म बैठक बस्ने नसकेमा त्यसपछि बसेको बैठकमा गणपुरक संख्या नपुगे पनि बैठक बस्न वाधा पर्ने छैन ।"

१०. दफा १३ मा रहेको " अनुदान" भन्ने शब्दपछि "कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा" भन्ने शब्दहरु र सोही दफामा रहेको "मुख्यमन्त्री कार्यालयबाट " भन्ने शब्दहरुको सट्टा "मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट समेत" भन्ने शब्दहरु राखे ।

११. दफा १७ मा रहेको प्रतिबन्धात्मक वाक्यंश (तर एकै कृषक ............पर्ने छैन ।) लाई अर्को हरफमा लेखे ।

१२. दफा १९ मा रहेको ब्राकेट सहितको "(१)" अंक हटाउने ।

१३. दफा २० को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखे:

प्रतिलिपि

"(२) यस कार्यविधि अनुसार सञ्चालित कार्यक्रम सम्पन्न भए पछि कम्तीमा सम्झौतामा तोकिएको अवधिसम्म निरन्तर रुपमा सञ्चालन गर्नु पर्नेछ । तोकिएको अवधिसम्म सञ्चालन नगरेमा उपलब्ध गराइएको अनुदानको रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।"

१४. दफा २१ मा रहेको "संघीय, तथा स्थानीय तह" भन्ने शब्दहरुको सट्टा "संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन् ।

१५. दफा २२ को;

(क) उपदफा (१) मा रहेका "कार्यक्रम खर्च/अनुदानको सिमा समेत अनुसूचीमा उल्लेख भए बमोजिम" भन्ने शब्दहरुको सट्टा "कार्यक्रम खर्च र अनुदानको सीमा अनुसूची बमोजिम" भन्ने शब्दहरु राख्ने ।

(ख) उपदफा "(३)" हटाउने ।

१६. दफा "२३" हटाउने ।

१७. दफा २४ को;

(क) दफा २४ को शिर्षकमा रहेका "खारेजी तथा संशोधन" भन्ने शब्दहरुको सट्टा "संशोधन, हेरफेर, खारेजी र बचाउ" भन्ने शब्दहरु राख्ने ।

(ख) उपदफा (१) मा रहेको "मन्त्रालयको प्रस्तावमा" भन्ने शब्दहरु हटाउने ।

(ग) उपदफा (३) मा रहेको "प्रचलित कानूनसँग" भन्ने शब्दहरु पछि "बाझिएमा," भन्ने शब्द थप्ने।

(घ) उपदफा (४) पछि देहायको उपदफा (५) थप्ने:

"(५) उपदफा (४) बमोजिम खारेज भएको प्रावधान बमोजिम भए गरेका कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।"

१८. अनुसूची १ को तालिका १ को शिर्शक र सो तालिका भित्र रहेको "कुखुरा" भन्ने शब्दको सट्टा "कुखुरा/हाँस" भन्ने शब्दहरु राख्ने ।

१९. अनुसूची १ मा रहेको "(दफा ३ संग सम्बन्धित)" भन्ने शब्दहरुको सट्टा "(दफा ३ को उपदफा (३) र दफा ५ को उपदफा (३) संग सम्बन्धित)" भन्ने शब्दहरु राख्ने ।